प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
# वागमती प्रदेश कार्यालय
हेटौडा, मकवानपुर

**प्रि-डिप्लोमा र डिप्लोमा/प्रमाण पत्र तहको स्वास्थ्य वाहेकका पूर्ण शुल्किय तर्फको कार्यक्रमको योग्यताक्रमको सूची प्रकाशन गरिएको सम्वन्धी अत्यन्त जरुरी सूचना ।**

**(सूचना प्रकाशन मिति २०८२।०४।२७)**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी भक्तपुरको मिति २०८२।०३।२२ गते तथा २०८२।०४। ११ गते प्रकाशित सूचना अनुसार यस प्रदेश अन्तर्गत रहेका शिक्षालयहरुमा प्रि-डिप्लोमा र डिप्लोमा / प्रमाण पत्र तहका पूर्ण शुल्किय तर्फका स्वास्थ्य वाहेकका कार्यक्रमहरुमा अध्ययनका लागि अनलाइन मार्फत प्राप्त आवेदनहरु रुजु गरी प्रि-डिप्लोमा र डिप्लोमा तथा प्रमाण पत्र तहमा प्रशिक्षार्थी छनौट, छात्रवृती वितरण तथा भर्ना सम्वन्धी निर्देशिका, २०८२ वमोजिम एस.एल.सी./एस.ई.ई. को नतिजामा प्राप्त अङ्क/जी.पी.ए.का आधारमा र सामुदायिक तथा संस्थागत विद्यालय/शिक्षालयको अंकभारका आधारमा सम्वन्धित शिक्षालयको स्वीकृत कार्यक्रम तथा कोटामा कार्यटोलिवाट सिफारिस भई आएको नतिजा मिति २०८२।०४।२७ गतेको निर्णायानुसार मुख्य उम्मेदवार तथा वैकल्पिक उम्मेदवार सहितको योग्यताक्रम सूची र रद्द गरिएका आवेदकहरुको सूची शिक्षालयगत रुपमा प्रकाशन गरिएको व्यहोरा सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । मुख्य उम्मेदवारको रुपमा छनौट भई भर्नाका लागि सिफारिस भएका उम्मेदवारहरु मिति २०८२।०५।०५ गते विहिवार कार्यालय समय भित्र आफ्नो Application Acceptance Card , योग्यताक्रमको प्रति ,शैक्षिक योग्यताको प्रमाण पत्र, नागरिकता वा जन्म दर्ता प्रमाणपत्र , छनौट भएको लक्षित वर्गको सक्कल प्रमाणपत्र र पासपोर्ट साइजको आफ्नो फोटो सहित तोकिएको शिक्षालयमा भर्ना हुन जानकारी गराइन्छ । साथै सम्वन्धित शिक्षालयले यसै सूचनालाई आधार मानी भर्ना सम्वन्धी निर्देशिका र सूचनामा उल्लेख भए वमोजिम उम्मेदवारहरुले पेश गरेका सक्कल प्रमाणपत्र र कागजातहरु शिक्षालयका प्राचार्यले रुजु गरेर मात्र भर्ना गर्नु गराउनु हुन अनुरोध छ ।

निर्देशक